# नेपाल गजेट

नेपाल सरकारद्धारा प्रकाशित

काठमाडौं वैशाख १ गते ०१ साल

## भाग २

### उद्योग तथा वाणिज्यमन्त्रालयको सूचना

सामयिक सरकारबाट मिल्स, फैक्टरी, कम्पनी इत्यादि खोल्ने इजाजत पाउनु-भएका महानुभावहरूले आफूले पाएको इजाजतपत्रको नक्कलसमेत राखी १५ दिन-भित्र यस मन्त्रालयमा पठाउनुहोला । उपरोक्त म्यादमा नआएको कुराको पछि केही विचार गरिनेछैन ।

### सूचना ।

यही २००८ सालदेखि जिन्सी अड्डाको नाम— डिपार्टमेन्ट अफ सेन्ट्रल पर्चेज नेपाल सरकार— राखिएकोले सर्वसाधारणलाई थाहा होस् भन्नानिमित्त यो सूचना प्रकाशित गरिएको छ ।

उद्योग तथा वाणिज्यमन्त्रालय ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मा

232

# सूचना

नेपाल राज्यमा पैठारी हुने चुरोट एकहट्टी छ भन्ने कुरा मानिसहरुमा खुबै चर्चा भएको छ भन्ने बुझिएकोले यस विषयमा सरकारले यो विज्ञप्ति प्रकाश गरी जनतालाई सूचित गराउन चाहन्छ कि चुरोटमा त्यस किसिमको एकहट्टी व्यापार गर्न दिने इजाजत कसैलाई पनि दिएको छैन । पुनश्चः ८।११।०८ मितिमा यस मन्त्रालयबाट पाएका अधिकारपत्रहरू इत्यादि पेश गर्न ल्याउनु भन्ने प्रसार गरेको सूचनाबमोजिम कुनै व्यक्ति वा फाराम(फर्म)ले कुनै किसिमको यस सम्बन्धी अधिकारपत्र दाखिल गरेका पनि छैनन् । तसर्थ जोसुकैले पनि भइरहेको ऐन सवाल मिलाई स्वतन्त्ररूपबाट चुरोटको पैठारी बिक्री र वितरण गर्न सक्छन् ।

# सूचना

२००८ सालको नून, कपडा, सिमेन्ट आदि पैठारी गर्नाको निमित्त हान्डलिङएजेन्ट मुकरर गर्न टेन्डर लिइएकोमा उद्योग वाणिज्य मन्त्रालय र सिभिल सप्लाइज विभागका कर्मचारीहरूले मात्र निर्णय गर्नु श्रेय नदेखिएकोले माननीय श्री उद्योग वाणिज्यमन्त्रीजीका अध्यक्षतामा निम्न लिखित प्रतिनिधिहरू राखी एक बोर्ड खडा हुनेछ। यसो गरे प्रजातान्त्रिकरूपबाट काम राम्री चालु हुनसक्ने पूर्ण आशा गरिन्छ।

सदस्य :—

| | | |
|---|---|---|
| १ | उद्योग वाणिज्यमन्त्रालयबाट | १ |
| २ | अर्थमन्त्रालयबाट | १ |
| ३ | सिभिल सप्लाइज विभागबाट | १ |

उद्योग र वाणिज्यमन्त्रालय,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ

## सिभिल सप्लाइज विभागको सूचना

कोटाको धागो थोर मात्रामा आएको र ने.क. ध.इ. प्र. बिभागको कामलाई पनि दिनुपर्ने भएको औ कपडाको आवश्यकता परेको सर्वसाधारण जनताको लागि कन्ट्रोल मोलमा जनही १२ गजका दरले कोटाको कपडा पाउने भएको समेत हुनाले यो कोटाको धागो कपडा नलिने आफ्नै घरमा धागोको कपडा बुनी लुगा लाउने व्यक्तिहरूलाई मात्र दिने प्रबन्ध भै ठाउँ ठाउँको पञ्चायतमार्फत टिकट वितरण गराउन पञ्चायत गोस्वारामा गइसकेकोले सर्वसाधारण जनतालाई विदित गर्नको निमित्त सूचना प्रकाश गर्ने काम भएको छ। ४ भन्ज्याङभित्र इलाकाका कोटाको कपडा नलिने आफ्नै घरमा धागोको कपडा बुनी लुगा लाउने जनताहरूले स्थानीय पञ्चायतबाट कोटाको धागोको टिकट लिनुहोला। सो टिकट लिई अरुलाई र पसलेलाई बिक्री वितरण गर्न हुँदैन। टिकट वा टिकटबाट लिएको धागो खरीद बिक्री गरेमा खरीद बिक्री गर्ने दुवैलाई सजाय हुनेछ।

का. मु. डाइरेक्टर, सिभिल सप्लाइज विभाग;

## सूचना

कपडा, नून, धागो, सिमेन्ट, चिनी, फलामको होलसेलर मुकरर गर्ने बारे सूचना जारी भैसकेको र हाल १९५२ सन्को कोटामध्ये सेकेन्ड क्वार्टरको चिनी दिने बारे भारत सरकारबाट लेखीआइसकेको र सो सेकेन्ड क्वार्टरको आउने चिनी पूर्व पश्चिम १।२ नम्बर र नेपाल सदर ४ भन्ज्याङका जनता निमित्त बाँडिने हुनाले सर्वसाधारण जनताले थाहा पाउन् भन्ना निमित्त यो सूचना जारी गर्ने काम भएको छ। उक्त चिनीको होलसेलर हुन चाहनेले अवि

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि

258

जारी भएका सूचनाबमोजिमको परिशिष्ट [ग] फारामबमोजिमको दरखास्त लेखी वैशाख १५ गतेभित्रमा यस विभागमा आइपुग्ने गरी हुलाकद्वारा यस विभागमा पठाउनुहोला ।

का. मु. डाइरेक्टर,
सिभिल सप्लाइज विभाग.

## सूचना

भारतबाट आउने कोदाको धाराको पाइप नियत समयमा रेलहेडसम्म पुऱ्याई होलसेलरलाई डिलेभरी दिने कामको हान्डलिंडएजेन्ट जवान १ एक मुकरर गर्न सूचना प्रकाश गर्नू भन्ने श्रीमाननीय उद्योग तथा वाणिज्यमन्त्रीजीबाट आदेश भई आएकोले यो सूचना प्रकाश गर्ने काम भएको छ । यस विभागमा बनिएको शर्त नियम र समय परिस्थितिअनुसार अदल बदल हुने शर्त नियमबमोजिम हान्ड-लिंडएजेन्ट भई काम गर्न मन्जूर हुने उमेद्वारहरूले रेलभाडाबाहेक अरू सबै रकमको खर्च र आफ्नो कमिशनबापत समेत सबभन्दा घटी सैकडा के कति कमिशनमा काम गर्न सक्नुहुन्छ, धागोको हान्डलिंडएजेन्ट बारेमा प्रकाशित भएको सूचनाको नियमबमोजिमको रीत पुऱ्याई दरखास्त लेखी सोसाथ टेन्डर फी कं.रू. ४० चालीस राखी खामबन्द गरी लाहाछाप मारी खामको बायाँपट्टि पाइपको हान्डलिंडएजेन्टको भनी स्पष्ट लेखी २००६ साल वैशाख ३१ गतेसम्ममा बीमा रजिष्टरी गरी हुलाकद्वारा यस सिभिल सप्लाइज विभाग सिंहदरबारमा पठाउनुहोला र धागो सिमेन्टको हान्डलिंडएजेन्ट मुकरर गर्ने विषयमा अघि प्रकाशित भैरहेको सूचनाबमोजिम श्रीमाननीय मन्त्रीजीबाट सबै कुरा निस्पक्षरूपबाट राम्रो जाँच-बुझ गरी हान्डलिंडएजेन्ट मुकरर गरिनेछ । यसको हान्डलिंडएजेन्टले पालन गर्नुपर्ने निम्न लेखिएको नियम शर्तको अतिरिक्त पत्रपत्रिकामा प्रकाश भएको कपडा धा-गोको हान्डलिंडएजेन्टको सूचनाको सबै दफा लागू हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि

(१) वार्षिक कोटा भएको पाइप फुट १०००० को मासिक आउने पाइप फुट २५०० कुनै हालतमा पनि लाप्स हुन नपाउने गरी समयमै फ्याक्टरी कम्पनीहरूबाट कन्ट्रोल मोलमा नबढाई आफ्नै पजीले माल उठाई बखत बखतमा यस विभागबाट बाँडफाँट गरी दिएका इलाकामा पुऱ्याउन होलसेलरले तोकिएको वा यस विभागबाट सूचित गरेका रेलहेडमा तोकेजतिको पूरा पाइप पुऱ्याउनुपर्छ र बैंकमा आफ्नो मानिसद्वारा रूपैयाँ भुक्तानी लिई बिल्टी होलसेलरलाई बुझाइदिनुपर्छ ।

(२) ह्यान्डलिङएजेन्टले कमसेकम एक ठाउँमा आफिस खोल्नुपर्छ ।

(३) यसमा लाइसेन्स फी र धरौटी राख्ने विषयमा तल लेखिएबमोजिम हुनेछ ।

[क] ह्यान्डलिङएजेन्ट मुकरर भएपछि कबूलियत गरी इजाजतपत्र लिन लाइसेन्स दस्तुर रू १०० एक सय का दरले दिनुपर्छ ।

[ख] भैन्हा ३ मा हिन्दूस्थानबाट चलान गर्ने पाउने पाइपको मोलको सैकडा ३ का दरले धरौटी ( डिपोजिट ) थागोमा भएको ( ३ ) दफाको देहायका ( क ) दफाबमोजिम गरी राख्नुपर्छ ।

का. मु. डाइरेक्टर,
सिभिल सप्लाइज विभाग.

गोरखापत्र छापाखानाबाट प्रकाशित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ ।